# सर्वसाधरणको राय माग गरिएको सम्बन्धी सूचना

## सूचना प्रकाशित मितिः २०८२/११/१०

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ । विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सोउपर संलग्न ढाँचामा Promotion@tourism.gov.np मा सात दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारण समक्ष अनुरोध छ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# नेपाल पर्यटन बोर्ड ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: नेपाल पर्यटन बोर्ड ऐन, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल पर्यटन बोर्ड (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा २ मा संशोधन: नेपाल पर्यटन बोर्ड ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छः-

"(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ६ मा संशोधन: मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. बोर्डको काम, कर्तव्य र अधिकार: बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालका पर्यटकीय वस्तु (टुरिजम प्रोडक्ट) र क्रियाकलापको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नको लागि नेपाल सरकारको प्रतिनिधिको रुपमा काम गर्ने,

(ख) नेपालका पर्यटकीय क्षेत्रको संरक्षण, संवर्धन र प्रवर्धन गर्नका लागि आवश्यक नीति निर्माण गर्न मन्त्रालयलाई सुझाव दिने,

(ग) नेपालमा रहेका पर्यटकीय दृष्टिले महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाहरूको पहिचान गरी प्रवर्धन गर्ने,

(घ) पर्यटन व्यवसायको विविधीकरण, विकास र प्रवर्धन गर्नका लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रका सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय तहमा पर्यटन प्रवर्धन गर्न आवश्यक नीति तथा कार्यक्रममा अन्तर तह सहजीकरण गर्ने,

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

नि. सचिव

(च) नेपालका पर्यटकीय वस्तु (टुरिजम प्रोडक्ट) र क्रियाकलापको विविधीकरण गर्न तथा पर्यटन व्यवसायलाई पर्यटकमैत्री, सुरक्षित, विश्वासिलो, प्रविधिमैत्री र छरितो बनाउनका लागि अवलम्बन गर्नु पर्ने उपायहरू पहिचान गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(छ) नेपालका पर्यटकीय वस्तु (टुरिजम प्रोडक्ट) र क्रियाकलापको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने,

(ज) पर्यटन उद्गम बजारहरूमा नेपालका पर्यटकीय वस्तु (टुरिजम प्रोडक्ट) र क्रियाकलापको प्रतिस्पर्धात्मक रूपमा प्रवर्धन गरी विश्व मानचित्रमा नेपाललाई आकर्षक र भरपर्दो पर्यटन गन्तव्यस्थलको रूपमा स्थापित र परिचित गराउने,

(झ) पर्यावरण अनुकूल पर्यटन व्यवसायको विकास गर्न सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(ञ) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्धनका लागि निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने,

(ट) पर्यटन प्रवर्धन तथा प्रचार प्रसारका लागि अन्तर्राष्ट्रिय सभा सम्मेलन, मेला, महोत्सव, प्रतियोगिता तथा तोकिए बमोजिमका अन्य कार्यक्रम आफैं वा निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सञ्चालन गर्ने,

(ठ) पारस्परिक लाभ वा योगदानमा आधारित अन्तरदेशीय पर्यटन सम्बन्धी गतिविधि सञ्चालन गर्न सम्बन्धित विदेशी सङ्घ संस्थासँग समन्वय गर्ने,

(ड) पर्यटन प्रवर्धन गर्नको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग सम्झौता गर्ने,

(ढ) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसँग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने,

(ण) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(त) पर्यटन क्षेत्रमा संलग्न व्यक्ति वा संस्थालाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गर्ने,

(थ) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्धनका लागि तोकिए बमोजिमका अन्य कार्य गर्ने।"

४. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को-,

(१) उपदफा (२) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-



नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

प्र. सचिव

"(छ) देहायका क्षेत्रबाट प्रतिनिधित्व हुने गरी नेपालमा पर्यटन व्यवसाय सञ्चालन गरिरहेका र दफा ९क. बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट मन्त्रालयले दफा १४ को उपदफा (३) बमोजिम गठित समितिको सिफारिसमा मनोनयन गरेका कम्तीमा दुई जना महिलासहित पाँच जना - सदस्य

(क) होटल तथा आतिथ्यता,

(ख) ट्राभल, टुर, ट्रान्सपोर्ट तथा डेस्टिनेशन म्यानेजमेन्ट,

(ग) पदयात्रा, पर्वतारोहण तथा अन्य साहसिक गतिविधि, र

(घ) नेपाल स्थित विमान सेवा तथा हवाई उड्डयन"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ-,

"(२क) दफा १४ को उपदफा (३) बमोजिमको छनोट समितिले उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यहरूको मनोनयन गर्नका लागि दफा ९क. को उपदफा (२) बमोजिमको सूचीबाट नाम छनोट गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ।"

५. मूल ऐनमा दफा ९क. थपः मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"९क. सदस्यको योग्यता सम्बन्धी व्यवस्थाः (१) दफा ९ को उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनयन हुने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नभएको,

(ग) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) पर्यटन व्यवसायको कुनै क्षेत्रमा दश प्रतिशत भन्दा बढी शेयर स्वामित्व रहेको,

(ङ) साठी वर्ष उमेर ननाघेको,

(च) मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो भन्दा माथिल्लो शैक्षिक योग्यता भएको व्यक्तिको हकमा पर्यटन व्यवसायको क्षेत्रमा कम्तीमा पाँच वर्ष निरन्तर अनुभव भएको, वा स्नातक तहको शैक्षिक योग्यता भएको व्यक्तिको हकमा सो क्षेत्रमा

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं



नि. सचिव

कम्तीमा दश वर्ष निरन्तर अनुभव भएको, वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको व्यक्तिको हकमा सो क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष निरन्तर अनुभव भएको, वा एसएलसी वा सो सरहको शैक्षिक योग्यता भएको व्यक्तिको हकमा सो क्षेत्रमा कम्तीमा २० वर्ष निरन्तर अनुभव भएको।

(२) दफा ९ को उपदफा (२) को खण्ड (छ) बमोजिमका क्षेत्रको प्रतिनिधित्व गर्ने र उपदफा (१) बमोजिम योग्यता पूरा भएका ईच्छुक व्यक्तिहरूको सूची बोर्डले तयार गर्नु पर्नेछ।"

६. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"१४. कार्यकारी प्रमुख सम्बन्धी व्यवस्थाः (१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि बोर्डमा एक कार्यकारी प्रमुख रहनेछ।

(२) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी प्रमुख पदमा नियुक्त हुन सक्नेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) पर्यटन सम्बन्धी प्रचलित कानूनबमोजिम स्थापित कम्पनी वा सङ्गठित संस्थाको प्रमुख वा सो भन्दा एक तह मुनीको पदमा रही कम्तीमा पाँच वर्ष काम गरेको र पर्यटन सम्बन्धी क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको,

(ग) साठी वर्ष उमेर ननाघेको,

(घ) विदेशी मुलुकको आवासीय अनुमति नलिएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,

(च) नियुक्ति हुँदाको बखत प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(छ) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ज) नियुक्ति हुँदाको बखत कुनै लाभको पद धारण नगरेको।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं



नि. सचिव

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले सरकारी कोषबाट पारिश्रमिक वा सुविधा पाउने पद सम्झनु पर्छ।

(३) मन्त्रालयले दफा ९ को उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यहरूको मनोनयन तथा कार्यकारी प्रमुखको नियुक्तिका लागि सिफारिस गर्न मन्त्रालयको सहसचिवको संयोजकत्वमा पर्यटनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव भएको र मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरेको विज्ञ सम्मिलित तीन सदस्यीय छनोट समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको छनोट समितिले सिफारिस सम्बन्धी कार्यविधि आफैंले निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिमको छनोट समितिले उपदफा (२) बमोजिम योग्यता पुगेका उम्मेदवारमध्येबाट खुला प्रतिस्पर्धामार्फत कार्यकारी प्रमुखको नियुक्तिको लागि तीन जना उम्मेदवारको नाम समितिसमक्ष सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका उम्मदेवारमध्येबाट समितिले उपयुक्त उम्मेदवारलाई कार्यकारी प्रमुख नियुक्ति गर्नेछ।

(७) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजलाई अर्को एक पदावधिको लागि प्रतिस्पर्धाबाट छनोट भई नियुक्ति हुन बाधा पर्ने छैन।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा समितिले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी जुनसुकै बखत कार्यकारी प्रमुखलाई निजको पदबाट हटाउन सक्नेछः-

(क) पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) बोर्डको हित विपरीत कुनै काम गरेमा वा बोर्डलाई कुनै हानि नोक्सानी पुऱ्याएमा,

(ग) कार्यक्षमताको अभाव भएमा।

(९) उपदफा (८) बमोजिम कार्यकारी प्रमुखको पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(१०) देहायको अवस्थामा कार्यकारी प्रमुखको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) उपदफा (२) बमोजिमको योग्यता नभएमा,



नि. सचिव

(घ) उपदफा (८) बमोजिम पदबाट हटाइएमा, वा

(ङ) निजको मृत्यु भएमा।

(११) कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा र सेवाका सर्तहरू तोकिए बमोजिम हुनेछ।"

७. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. <u>बोर्डको सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) समितिले बोर्डको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले बोर्डको सङ्गठन संरचना तथा बोर्डमा रहने कर्मचारीको दरबन्दी स्वीकृत गर्नेछ।

(३) बोर्डका कर्मचारीहरूले कार्यकारी प्रमुखप्रति उत्तरदायी भई काम गर्नु पर्नेछ।

(४) बोर्डका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिए बमोजिम हुनेछ।"

८. <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को उपदफा (३) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

९. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को उपदफा (१) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयलाई" भन्ने शब्द राखिएको छ।

१०. <u>मूल ऐनको दफा २४ मा संशोधनः</u> मूल ऐनको दफा २४ मा रहेका "नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

११. <u>खारेजीः</u> मूल ऐनको दफा १० र १९ खारेज गरिएको छ।

नि. सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं